स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



छायांकनको अन्तिम चरणमा रहेको फिल्म 'रङ्गेली'को अमेरिका प्रदर्शन अधिकार बिक्री भएको छ । अमेरिकाको लागि फिल्मको वितरण अधिकार एक्का बास्सा इन्टरटेन्मेन्ट एन्ड लाइभ एट प्रिजेन्टले खरिद गरेको हो । फिल्मको प्रदर्शन अधिकार बिक्री भएसँगै क्यालिफोर्नियाको सान फ्रान्सिस्को र टेक्सासस्थित ड्यालसमा फिल्मको प्रिमियर पनि हुने निर्देशक अर्जुन सुवेदीले जानकारी दिए । यसअघि जापान, कोरिया र हङकङ गरि तीन देशको फिल्मको वितरण अधिकार उज्ज्वल गुरागाईं र यूएनए इन्टरटेन्मेन्टले खरिद गरिसकेको छ ।

**आजको विचार...**



कति...
(दुई पेजमा)

डा. बलराम तिमल्सिना



'लुट' फेम्ड निर्देशक निश्चल बस्नेत निर्देशित फिल्म 'दिमाग खराब'को 'हितैको माया' बोलको गीत सार्वजनिक गरिएको छ । मार्मिक भावको प्रेमिल गीतमा जयन जे सुब्बाको शब्द र चना तथा संगीत रहेको छ भने सुगम पोखरेल र इन्दकला राईको स्वर छ । खगेन्द्र लामिछाने, स्वस्तिमा खड्का र रमा थपलिया फिचर्ड गीतले उनीहरुको पीडा र परिस्थिति बोल्छ । गीतका शब्दहरु मनछुने छन् । निश्चलले ६ वर्षपछि निर्देशनमा पुनरागमन गरेका हुन् । 'लुट'पछि उनका फिल्मप्रति दर्शकहरुमा ठूलो अपेक्षा रहने गरेको छ । तिहारको छेको पारेर कातिक २४ गतेबाट फिल्म प्रदर्शनमा आउने तयारीमा छ ।

❒ वर्ष २९ ❒ अंक ९७ ❒ २०८० कार्तिक १३ गते सोमबार 30 October 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# गाउँघरमा देखिन छाडे पिङ

***दसैं-तिहारसम्मै खेलिने पिङ देखिन छाडेका छन् । केही समय अघिसम्म दसैंको नवदुर्गा सुरु भएपछि गाउँदेखि सहरसम्म पिङको माहोल देखिन्थ्यो । खासमा दसैं र तिहार भनेपछि गाउँमा पिङकै बढी महत्व हुन्थ्यो तर, आजभोलि भने त्यो उत्साह गाउँघरमा देखिँदैन ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** कार्तिक १२/दसैं भन्ने बित्तिकै सबैलाई पिङको सम्झना आउँछ ,तर चाडपर्वको रौनक बढाउने लिंगे पिङ पछिल्लो समय विस्तारै हराउँदै गएको छ । चचहुइय्य भन्दै दसैं-तिहारसम्मै खेलिने पिङ देखिन छाडेका छन् । केही समय अघिसम्म दसैंको नवदुर्गा सुरु भएपछि गाउँदेखि सहरसम्म पिङको माहोल देखिन्थ्यो । खासमा दसैं र तिहार भनेपछि गाउँमा पिङकै बढी महत्व हुन्थ्यो । तर, आजभोलि भने त्यो उत्साह गाउँघरमा देखिँदैन ।

केही समय अघि सम्म पनि गाउँ घर तथा टोल-टोलमा समेत बन्ने गरेका पिङ यति बेला कमै मात्र बन्ने गरेका छन् । पछिल्ला दिनहरुमा आएर बढदो आधुनिक्तासंगै मनोरञ्जनका लागि थुप्रै साधन थपिंदै जानु र स्थान, समय र आवश्यक कच्चा पदार्थहरुको समेत अभाव हुन थालेपछि गाउँ घर तिर कमै मात्र लिङ्गे पिङ बनाउन थालिएको हो । दशैंको सुरुवातदेखि थापेको पिङ तिहार सम्मै राखिन्थ्यो । ८/१० वर्ष अघिसम्म पाल्पा र गुल्मीका गाउँ-टोलमा दसैंको घटस्थापनादेखि रोटे र लिगे पिङ हालेर गाउँले रमाउने गर्थे तर, आजभोलि यस्ता पिङ निक्कै कम देखिन्छन् । रोटे पिङ त देख्नै छाडिएको छ । कतैकतै लिंगे पिङमात्रै देखिन्छ । दसैंसँग धार्मिक, ऐतिहासिक र सांस्कृतिक सम्बन्ध बोकेको लिंगे पिङ यस वर्ष पाल्पा र गुल्मीका थोरै ठाउँमा मात्र देखिए । पिङ खेल्दा हुने आनन्द अविस्मरणी हुन्छ । दु:ख, कष्ट र पीडा एकछिन भए पनि भुलिन्छ तर अहिले



फाईल फोटो

समय फेरियो । पिङ संस्कृतिलाई नयाँ पुस्ताले भुल्दै गएको पुराना पुस्ताहरु बताउँछन् । 'पहिले-पहिले पिङ नहाली दसैं नै आउँदैन थियो । पिङ बाट्न सबैले घरबाट एक-एक मुठ्ठा बाबियो ल्याउँथे । सबै मिलेर पिङ खेल्थ्यौं तर अहिले भने त्यस्तो छैन्' गुल्मी इस्माका देवबहादुर पाण्डे बताउँछन् । बढ्दो आधुनिकीकरण, युवा पुस्ताहरू सहर, बजार र विदेशिएका कारण गाउँघरमा पिङ संस्कृति हराउँदै गएको उनी बताउँछन् । 'अहिलेका पुस्ताको खाने, लाउनेतिर मात्र ध्यान छ । चाडपर्व संस्कार, संस्कृतिप्रति ध्यानै छैन'उनले भने । दसैंमा भूँइ छाड्नुपर्छ भन्ने मान्यताले पनि पिङको महत्व रहेको छ । गाउँमा दसैं सुरु हुनु महिना अघिदेखि चर्खेपिङ बनाउनेको निकै उत्साह हुने भए पनि पछिल्लो पुस्ताको बेवास्ता र बढ्दो युवा पलायनका कारण चर्खेपिङ लोप हुन थालेको हो । झण्डै दुई दशकअघि गाउँ-गाउँमा हुने मेला पर्वमा चर्खेपिङ अनिवार्य जस्तै थियो । तर अहिले यस्ता पिङको संख्या निकै कम भएको हस्तिचौरका शिव महतको भनाइ छ । केही वर्ष अघिसम्म दसैं आउँदा पाल्पाका गाउँ र चोक-चोकमा देख्न पाइने पिङ अहिले भने त्यति देख्न पाइँएनन् । दसैंको बेला पिङमा मच्चिएर खेल्ने पुरानो परम्परा अहिले यहाँका ग्रामीण क्षेत्रमा विरलै मात्र देख्न सकिन्छ ।

## सक्षिप्त समाचार

### बम विस्फोटमा एकको मृत्यु


**(रासस/एएनआई)**

**केरला (भारत),** कात्तिक १२/भारतको केरला राज्यस्थित कोच्चीको कालामास्सेरी क्षेत्रमा आइतबार यहोवाका साक्षीहरूको प्रार्थना सभामा भएको थुप्रै विस्फोटमा एक जनाको मृत्यु भएको र कयौं घाइते भएको प्रहरीले बताएको छ ।

कालामास्सेरी सीआई विबिन दासका अनुसार पहिलो विस्फोट बिहान ९ बजेतिर भएको थियो र त्यसपछि अर्को एक घन्टामा थुप्रै विस्फोट भयो । अक्टोबर २७ देखि सुरु भएको तीन दिने प्रार्थना सभा आइतबार अन्तिम थियो । अधिकारीहरूका अनुसार विस्फोट भएको समयमा प्रार्थना सभामा दुई हजारभन्दा बढी मानिस थिए । यो घटना आतङ्कवादी समूह हमासका पूर्वप्रमुख खालिद मसालले गाजामा इजराइली सैन्य हमलाका बीच प्यालेस्टिन समर्थक प्रदर्शनलाई सम्बोधन गरेको एक दिनपछि भएको हो ।

शनिबार भएको विरोध प्रदर्शनमा हमास नेताको सहभागितामाथि प्रतिक्रिया व्यक्त गर्दै भारतका लागि इजराइली राजदूत नाओर गिलोनले आफ्नो एक्स ह्यान्डलमा पोस्ट गर्दै भनेका थिए, 'मसालले सहभागीहरूलाई भने : सडकमा उत्रिनुहोस् र आक्रोश व्यक्त गर्नुहोस्, इजराइलविरुद्ध जिहादका लागि तयार रहनुहोस्, आर्थिकरूपमा हमासलाई सहयोग गर्नुहोस्, सामाजिक सञ्जालमा प्यालेस्टिनी कथालाई बढावा दिनुहोस्, अब हमास आईएसआईएसलाई भारतको आतङ्कवादी सूचीमा जोड्ने समय आएको छ ।'

# संयुक्त राष्ट्रसंघका महासचिव लुम्बिनी आउँदै, तयारी तीव्र




**लुम्बिनी,** कात्तिक १२/संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस लुम्बिनी भ्रमणमा आउने भएका छन् । नेपाल र संयुक्त राष्ट्रसंघबीचको गहिरो मित्रतालाई थप मजबुत बनाउने उद्देश्यले नेपाल भ्रमणमा रहेका गुटेरेस मंगलबार लुम्बिनी भ्रमणमा आउन लागेका हुन् । **-बाँकी अन्तिम पेजमा**

# गुल्मीको सराय नाच संरक्षणमा युवा

**गुल्मी,** कात्तिक १२/गुल्मीका युवा पछिल्लो समय ऐतिहासिक सराय नाच संरक्षणमा जुटेका छन् । परम्परागतरुपमा खेलिँदै आएको सो ऐतिहासिक सराय नाच लोप हुँदै जान थालेपछि यहाँका युवा संस्कृतिको संरक्षणका लागि जुट्न थालेका हुन् ।

बडादसैंका बेला खेलिने सराय नाच जिल्लाको निकै पुरानो संस्कृतिका रुपमा चिनिन्छ । पछिल्लो समय पुराना पाका उमेर समूहका व्यक्तिको देहवशान र युवाको विदेश पलायनसँगै सराय नाच संकटमा पर्दै जान थालेको छ । गुल्मी जिल्लाको रेसुङ्गा, मुसिकोट, धुर्कोट, इस्मा, छत्रकोट, मालिका, मदाने, चन्द्रकोट लगायत पालिकाका युवा यसको संरक्षणमा जुटेका हुन् । विजयादशमीको दिनदेखि कोजाग्रत पूर्णिमाको दिनसम्म जिल्लाका मुख्य मन्दिर, देवालय, तथा शक्तिपीठका कोतकोतमा सराय नाच्ने प्रचलन छ ।



मुसिकोटको जोगिथुम, छत्रदेवालय, अर्जै, घमिर, धुर्कोट, चोयँगा, अमरपुर, धागिथुमलगायत स्थान सराय नाचका लागि निकै प्रख्यात स्थलका रुपमा परिचित छन् । एकादशीदेखि पूर्णिमाका दिनसम्म यी स्थानमा हजारौं मानिस मेला हेर्न र सराय नाच्नका लागि घुइँचो लाग्ने गर्दछ । स्थानीयमात्र हैन जिल्ला बाहिर रहेका व्यक्ति पनि यहाँको सराय नाच हेर्नका लागि आउने गर्दछन् । सबै मानिसको एकै ठाउँमा जमघट हुने र वर्षौंदेखिका पुराना आफन्त र साथीभाइसँग पनि भेटघाट हुने भएका कारण मानिसको बाक्लो उपस्थिति हुने गर्दछ । **-बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## कृषिमा गरेको लगानी खेर जान नदेऊ

सरकारले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर बजेट विनियोजन गरे पनि लगानीको आधारमा प्रतिफल निकै कमजोर देखिएको छ । पछिल्लो समय कृषिमा लगानी बढे पनि उत्पादन वृद्धिदर भने जस्ताको तस्तै छ । कृषिले मुलुकको अर्थतन्त्रमा पुऱ्याएको योगदान पनि निरन्तर ओरालो लागेको छ । यसले कृषि क्षेत्रमा गरिएको लगानी 'बालुवामा पानी' खनाएजस्तै भएको छ । सरकारी अनुदान कृषि उत्पादनमा वृद्धि र विकासमा केन्द्रित छ । तर, यति ठूलो लगानीको प्रतिफल भने ज्यादै न्यून देखिन्छ । पछिल्ला वर्षमा अनुदान रकम बढाउँदै लगिएको छ, उत्पादन भने बढ्न सकेको छैन । लगानी रकम दुरुपयोग भइरहेकाले प्रतिफल प्राप्त हुन नसकेको हो । अनुदान र सहयोग जति नै बढाए पनि उत्पादन बढ्न नसक्नु अत्यन्त दुःखको कुरा हो । सरकारले यस्तो नीतिमा अब पुनर्विचार गर्नुपर्दछ । कृषिक्षेत्रमा उत्पादन बढ्न नसक्दा ठूलो मात्रामा कृषिवस्तुको आयात बढ्दो छ ।

लगानी बढाएरमात्र हुँदैन मलखाद, बिउ, उपकरण, प्रविधि तथा कीटनासक विषादी जस्ता कृषिका लागि आवश्यक सामग्री समयमै सहज र सरल किसिमले उपलब्ध गराउन सक्नुपर्छ । साथै किसान निरुत्साहित हुनुहुँदैन । उनीहरूले आफ्नो उत्पादनमा सरकारको प्रत्याभूति पाउनुपर्छ । उत्पादनले उचित मूल्य पाउनुपर्छ, पाएन भने स्वतः किसान निरुत्साहित बन्न पुग्छन् । तरकरी र फलफूल खेतीका साथै नगदे बालीले मात्र प्रोत्साहन पाएर पुग्दैन, मुख्य रूपमा त खाद्यान्न बाली वा अन्न बाली धान, मकै, गहुँ, कोदोलगायत दलहन तेलहनको उत्पादनमा जोड दिन सकियो भने आत्मनिर्भरता बढ्नुका साथै परनिर्भिरता कम हुनपुग्छ । त्यतिमात्र होइन किसानले उत्पादन गरेको कृषि उपजलाई बजारीकरण पनि गरिनु अहिलेको आवश्यकता हो । यसतर्फ सरकारले बेलैमा सोच्न आवश्यक छ । अन्यथा कृषि क्षेत्रमा गरेको लगानी सधैं बालुवामा पानी सरह बन्ने छ ।

## Opinion @ Social Network

सस्तो र महँगो आफ्नो ठाँउमा होला तर...
नुनको अभाव सुनले कहिलै पूरा गर्न सक्दैन् ।
(पवित्रा घिमिरेको फेसबुक स्टाटसबाट *www.facebook.com//Pabitra Ghimire*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कति सहज छ राजनीतिक दलमा रूपान्तरण ?



डा. बलराम तिमल्सिना

गत वर्ष सम्पन्न आम निर्वाचनमा आशा गरे अनुसार परिणाम प्राप्त गर्न नसकेपछि ठूला र पुराना भनिने कुनै पनि दलका सबैजसो नेता (शीर्ष नेतृत्व बाहेक)ले महसुस गरेको देखियो - अब हामी रूपान्तरित भएनौँ भने अर्को निर्वाचनमा झनै कमजोर हुन्छौँ । त्यस पछिका दिनमा कतिपय दल समग्र रूपमा र कतिपय दलका नेतृत्वसँग असन्तुष्ट नेताहरू रूपान्तरण अभियानमा लागेका छन् । राजनीतिक दल रूपान्तरणको आवश्यकता औँल्याउँदै क्याम्ब्रिज विश्वविद्यालयबाट प्रकाशित जर्नलमा लेखक फर्नान्डो क्यासल बर्टोआ र जोसे रामा लेख्छन्, 'राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक, कूटनीतिक तथा वातावरणीय परिवर्तनका साथै जनताको इच्छा, चाहना, सोच र आवश्यकतामा आएको परिवर्तन अनुसार राजनीतिक दल रूपान्तरण हुन सकेनन् भने ती दलको पतन कसैले रोक्न सक्दैन ।' आखिर नेपालका ठूला र पुराना दलहरूको नियति पनि यही त हुने होइन ? रूपान्तरण के हो, किन आवश्यक छ, कसरी गर्न सकिन्छ, एउटा दलको कुन कुन क्षेत्रमा रूपान्तरण जरुरी छ भन्ने प्रस्ट नभई रूपान्तरण शब्द जपेर वा सभा, सम्मेलन र भाषण गरेर मात्र कुनै पनि दल रूपान्तरित हुन सक्दैन । यो लेखमा यिनै विषय केलाउने प्रयास गरिएको छ । बृहत नेपाली शब्दकोषका अनुसार एक रूपबाट अर्को रूपमा र एक अवस्थाबाट अर्को अवस्थामा गरिने परिवर्तनलाई रूपान्तरण भनिन्छ ।

वास्तवमा कुनै पनि वस्तु, सङ्गठन वा दलको स्वरूप, प्रकृति र आकृतिमा सबैले प्रस्ट अनुभूति गर्ने गरी गरिने परिवर्तन नै रूपान्तरण हो । राजनीतिक दलको रूपान्तरण प्रक्रियामा प्रमुख रूपमा चार विषय क्षेत्रमा ध्यान दिनुपर्ने हुन्छ, जसलाई रूपान्तरणका आधार पनि भनिन्छ । ती हुन् : १) निरन्तरता दिनुपर्ने विषय । २) परिमार्जन गर्नुपर्ने विषय । ३) छोड्नुपर्ने विषय । ४) नयाँ सिर्जना गनुपर्ने विषय । जबसम्म रूपान्तरणमा लाग्ने नेतृत्व यी चार विषय वा आधारका बारेमा प्रस्ट हुँदैनन्, तबसम्म रूपान्तरण सम्भव हुँदैन ।

**पहिलो आधार :** कुनै पनि दल वा सङ्गठनका केही आधारभूत सिद्धान्त र अवधारणा हुन्छन्, जसको जगमा उक्त दल स्थापना भई सङ्गठित हुन्छ । आफ्नो सिद्धान्त र अवधारणालाई निरन्तरता दिएन भने उक्त दलको मौलिक पहिचान हराउँछ ।

**दोस्रो आधार :** सर्वप्रथम आफूहरूले परिमार्जन गर्नुपर्ने क्षेत्र र विषयको पहिचान गरिनुपर्छ । हिजोका दिनमा अवलम्बन गरेका सिद्धान्त, नीति, कार्यक्रम र साङ्गठनिक गतिविधि आदि वर्तमान राजनीतिक व्यवस्था, जनताको चाहना, बदलिँदो विश्व वातावरण, प्रविधि र सञ्चार क्षेत्रमा आएको परिवर्तन आदिसँग तादात्म्यता हुने गरी परिमार्जन गर्नु रूपान्तरण सफल हुने अर्को एक प्रमुख आधार हो ।

**तेस्रो आधार :** दलहरूले परम्परागत रूपमा अवलम्बन गर्दै आएका कतिपय सिद्धान्त, नीति र कार्यक्रमहरू आजको परिस्थितिमा पूरै बदल्नुपर्ने या भनौं छाड्नुपर्ने हुनसक्छ । सामान्य उदाहरण हेरौं, हिजोका दिनसम्म विरोध गर्नु भन्नाले ताला लगाउने, हडताल गर्ने, टायर बाल्ने, रेलिङ भाँच्ने भन्ने बुझिन्थ्यो । आजको समाज यी र यस्ता ध्वंसात्मक कार्य देख्न त के सुन्न पनि रुचाउँदैन । त्यसैले राजनीतिक दलले यस्ता क्रियाकलाप पूर्ण रूपमा बन्द गर्नुपर्छ र विरोधका अन्य विकल्प खोज्नुपर्छ ।

**चौथो आधार :** रूपान्तरणका लागि निरन्तरता दिने विषय, परिमार्जन गर्ने विषय र छाड्नुपर्ने विषयको पहिचान पछि नयाँ प्रतिपादन गरी अवलम्वन गर्नुपर्ने विषय क्षेत्रको पहिचान आवश्यक हुन्छ । आजको विश्व परिवेश, समाजको मनोविज्ञान, जनताको आवश्यकता साथै प्रतिस्पर्धी नयाँ तथा पुराना दलको स्थिति आदिलाई दृष्टिगत गरी राजनीतिक दलहरूले आफ्नो देश र जनतालाई केन्द्रमा राखेर नयाँ सिद्धान्त, नीति, कार्यक्रम र क्रियाकलाप पहिचान गरी अवलम्बन गर्नुपर्छ । अन्यथा हिजैको चस्मा हिजैको चाल, हिजैको चलन हिजैको चरित्र, हिजैको चाहना हिजैको चिन्तन अनि हिजैको चेतना र हिजैको चैतन्यले अब दल अगाडि बढ्न सक्दैनन् । दलको अस्तित्व नेता र सीमित कार्यकर्ताको रूपमा त रहला तर समग्र कार्यकर्ता र जनताको दलको रूपमा ऊ स्थापित हुन सक्दैन । त्यसकारण दल साँच्चै रूपान्तरण हुने, गर्ने र गराउने हो भने सबभन्दा पहिले हिजोदेखि गरी आएका वा अवलम्बन गरेका के-केलाई निरन्तरता दिने, के-केलाई परिमार्जन गर्ने, के-केलाई पूर्णतः निषेध गर्ने र कुन कुन कुरा नयाँ प्रतिवादन गरिनुपर्ने हो यसमा नेता र नेतृत्व प्रस्ट हुनुपर्छ ।

रूपान्तरणका लागि नेता, कार्यकर्ता र समर्थक समेतलाई अपिल गर्नु अगाडि नेतृत्वले यी विषयवस्तुमा एउटा श्वेतपत्र वा सबैले बुझ्ने भाषामा अवधारणापत्र नै तयार पार्नुपर्छ, ताकि रूपान्तरणपछि त्यो दल कस्तो हुन्छ त्यसको प्रस्ट तस्बिर देखियोस् । अनि मात्र विश्वास गर्न सकिन्छ कि यो रूपान्तरणको नारा कुनै कुण्ठा, आक्रोश वा पद र सत्ता नपाउँदाको चित्कार होइन र साँचो रूपमा समग्र सङ्गठनलाई मजबुत र २१औँ शताब्दीलाई नेतृत्व दिन सक्ने सङ्गठन निर्माण गर्ने अभियान हो । यी आधार प्रस्ट नभएसम्म कुनै पनि दल वा सङ्गठनको रूपान्तरण सम्भव छैन ।

**रूपान्तरण :** राजनीतिक दलहरूमा रूपान्तरणको सुरुवात उनीहरूले अवलम्बन गरेको सिद्धान्त र विचारबाट हुनुपर्ने देखिन्छ । आजभन्दा ७०-७५ वर्षअघि पारित गरिएका सिद्धान्त र नीतिहरूमा केहीको निरन्तरता, केहीमा परिमार्जन, केहीको पूर्णतः खारेजी र केही नयाँ नीति र सिद्धान्तको प्रतिपादन आवश्यक छ । आजको परिवेशमा नेपालका दलहरूमा रूपान्तरण हुनुपर्ने अर्को क्षेत्र दलको आन्तरिक र बाह्य साङ्गठनिक स्वरूपमा पनि हो । सानो, छरितो र चुस्त समिति, सङ्गठनभित्र पूर्ण लोकतान्त्रिक अभ्यास, अधिकारको विकेन्द्रीकरण र नेतृत्वमा समावेशिता नै आजका आवश्यकता हुन् । सङ्गठनको नेतृत्वमा युवा तथा महिलाको पकड, भौगोलिक, सामाजिक र जातीय प्रतिनिधित्वको सुनिश्चितता, साङ्गठनिक अनुशासन, नेतृत्वको समतामूलक व्यवहार, सामूहिक निर्णय प्रणाली आदि सङ्गठनलाई जीवन्त राख्ने तत्त्व हुन् । जुन आज दलहरूमा क्रमशः हराउँदै गएको पाइन्छ । एक व्यक्ति र सीमित समूहले दलका सबै क्रियाकलाप र निर्णय गर्ने परम्परा बसेको छ । त्यसकारण सङ्गठन र सङ्गठन सञ्चालनको प्रक्रियामा रूपान्तरण आजको प्रमुख आवश्यकता हो । विचार र सङ्गठन रूपान्तरण हुन नेतृत्व पनि रूपान्तरित हुनुपर्छ । अहिले अस्तित्वमा रहेका दलहरूको रूपान्तरणका लागि सबभन्दा ठूलो समस्या नेतृत्वको जडता नै हो । मैले सबै जानेको छु, म सर्वज्ञ र सर्वदृष्टिवाला हुँ, मलाई सबैले मान्नुपर्छ, मैले जे सोच्छु त्यो नै अन्तिम सत्य हो, मेरा पक्षमा बहुमत छ त्यसैले मैले गरेका निर्णय सबैले स्विकार्नुपर्छ, मेरो विरोध कसैले गर्नु हुँदैन, जसले विरोध गर्छ त्यो लोकतन्त्र र राष्ट्रियता विरोधी हो भन्ने सोच लिने नेतृत्व सान्दर्भिक हुन सक्दैन । गाईजात्रा प्रहसनमा मनोज गजुरेलले भनेझैँ कोही आफ्नालाई मात्र सुन्ने र कोही कसैलाई नसुन्ने नेतृत्व अब काम लाग्दैन । नेतृत्वमा प्राधिकार जमाएर बसेका नेताहरू जबसम्म यस्तो धारणा र व्यवहारबाट मुक्त हुँदैनन् तबसम्म कुनै पनि दल साँचो अर्थमा रूपान्तरित हुने सम्भावना देखिँदैन । विचार, सङ्गठन र नेतृत्वमा रूपान्तरण भनेको राजनीतिक मूल्य-मान्यता र संस्कृतिमा रूपान्तरण पनि हो । यस्तो किसिमको रूपान्तरण नेतामा मात्र होइन कार्यकर्ता, सदस्य र समर्थकमा पनि हुनु जरुरी हुन्छ । वास्तवमा नेता र नेतृत्व जन्मने त्यही विशाल कार्यकर्ताको माझबाट त हो । पुराना दलमा रूपान्तरणको बहस सुरु भएपछि मैले नेताहरूको भाषण नियमित सुनेको छु । ती भाषणमा पात्र र प्रवृत्तिको अधिक चर्चा गरिन्छ । दल रूपान्तरणका लागि यी दुई कुराले मात्र पुग्दैन, यद्यपि पात्र र प्रवृत्ति आजको राजनीतिको प्रमुख मियो भने हो नै । यसो भनिरहँदा ती भाषण गर्नेहरू रूपान्तरण हुनुपर्ने पात्रमा आफूलाई राख्दैनन् । सबै दोष अरुको टाउकोमा मात्र थोपर्छन् । आफू र आफ्नो प्रवृत्ति सबै ठिक, रूपान्तरण हुनुपर्ने अरु हो भन्ने खालको उनीहरूको सोच देखिन्छ । दल रूपान्तरण हुनका लागि दलमा सङ्गठित व्यक्तिहरु रूपान्तरित हुन जरुरी हुन्छ । रूपान्तरणका बारेमा एकजना वरिष्ठ वामपन्थी नेताले भन्थे- समाज, देश र विश्व बदल्छु भन्दै म अनवरत रूपमा मुठी कसेर हिँडें तर आफू कहिल्यै बदलिन सकिनँ । त्यसैले परिवर्तनको सुरुवात आफैँबाट गर्नुपर्ने रहेछ । दल रूपान्तरणका लागि दलका नेता, सदस्य वा कार्यकर्ताले आफैँबाट सुरु गर्नुपर्छ र आफू उदाहरणका रूपमा प्रस्तुत हुनुपर्छ । आफू पजेरो चढ्ने, लाख लाखका मोबाइल बोक्ने, गला, औँला र नाडीमा दसौँ लाखको सुन भिर्ने, चिया र कफी पिउन तारे होटल पस्ने, साँझ परेपछि सेकुवा र चिसो पिउन दलबलसहित रेस्टुरेन्ट पस्ने, अनि त्यही नेताले राजनीतिक नेता र कार्यकर्ताको जीवन सरल, सादगी र सामान्य हुनुपर्छ भन्दा कसले पत्याउँछ । दलमा गुटबन्दीको विरोध गर्ने तर आफू सानो झुन्ड बोकेर हिँड्ने, जनताका साम् निर्वाचनताका मात्र देखापर्ने, सार्वजनिक पदमा आफ्नालाई मात्र सिफारिस गर्ने अनि नेताले सबैलाई समान व्यवहार गर्नुपर्छ र नेता सधैँ जनताको बीचमा हुनुपर्छ भनेर उसैले भाषण गर्दा कसरी विश्वास गर्ने ? व्यक्ति रूपान्तरित हुन सबभन्दा पहिले उसको आत्मा रूपान्तरण हुनुपर्छ । स्वामी आनन्द अरुणका अनुसार, आत्मा रूपान्तरणका पाँच आधार हुन्छन् – १) शुद्धि (परिवेश, शरीर, भोजन, वाणी, भाव र विचारको शुद्धि अनि सम्यक् श्रम र सम्यक् विश्राम) । २) साधना । ३) संस्कार । ४) सत्सङ्ग । ५) समाधि । यी पाँच आधारमा सत्मार्ग र सत्कर्म पनि थपेर सात बनाउन सकिन्छ । यी आधार राजनीतिक दलका नेता र कार्यकताले कुन हदसम्म परिपालना गर्न सक्छन् त्यसैमा निर्भर हुन्छ उक्त दलको रूपान्तरण ।

अहिंसावादी नेता महात्मा गान्धीका अनुसार व्यक्ति रूपान्तरणका तीन चरण हुन्छन् : १) आत्मा निरीक्षण । २) आत्मा परीक्षण । ३) आत्मा शुद्धीकरण । गान्धीका अनुसार नेताले सबभन्दा पहिले मैले हिजो के के गरेँ भनेर पछाडि फर्केर हेर्नुपर्छ । त्यसपछि ती कार्य कुन कुन ठिक थिए र कुन कुन गलत थिए भनेर समीक्षा गर्नुपर्छ । पछाडि फर्केर हेर्नु आत्मा निरीक्षण हो भने विगतका कार्यको समीक्षा गर्नु आत्मा परीक्षण हो । आफूले गलत गरेको आत्मानुभूति भयो भने प्रायश्चित गर्दै अब उपरान्त ती र त्यस्ता कार्य गर्न बन्द गर्नुपर्छ । यो आत्मा सुद्धीकरण हो । कुनै पनि व्यक्तिले यी तीन चरण पार गर्न सक्यो भने मात्र ऊ रूपान्तरण या शुद्ध हुन सक्छ भन्ने गान्धीको मत थियो । गान्धीको निष्कर्ष थियो-यस्ता शुद्ध व्यक्तिले हाँकेको र यस्तै शुद्ध व्यक्तिहरू सदस्य रहेको सङ्गठनले मात्र जनता, समाज र देशको हितमा काम गर्न सक्छ । कुनै पनि दलको रूपान्तरणका लागि प्रमुख भूमिका केन्द्रीय नेतृत्वको हुन्छ । माथि भनिएका आधारहरूका बारेमा छलफल गर्ने, निर्णय गर्ने र दलका तल्लो तहका नेता र कार्यकर्तालाई त्यस बारेमा प्रशिक्षित गर्ने सबै काम केन्द्रीय नेतृत्वको हो । त्यसैले मूल नेतृत्वले नचाहेसम्म कुनै पनि दल रूपान्तरण हुने सम्भावना अत्यन्त झिनो हुन्छ । मूल नेतृत्वको चाहनाबिना पनि रूपान्तरण सम्भव बनाउन सम्पूर्ण कार्यकर्ता जुरुक्क उठ्नुपर्छ ताकि रूपान्तरण नगरी नहुने अवस्थामा नेतृत्व पुगोस् । यी सबै सन्दर्भ हेर्दा नेपालका पुराना दलहरूमा विचार, संगठन, नेतृत्व र कार्यकर्ता समग्रको रूपान्तरण अत्यावश्यक देखिन्छ । साथै दलको मूल्य-मान्यता र संस्कृति सबै पक्षमा रूपान्तरणको खाँचो छ । कुनै पनि दलको मूल नेतृत्व, नेता, कार्यकर्ता र समर्थक समेत कुण्ठा, आक्रोश, अवाञ्छित चाहना र स्वार्थलाई त्यागेर लाग्ने हो भने मात्र उक्त दलको रूपान्तरण सम्भव छ, अन्यथा रूपान्तरण नारामा मात्र सीमित हुने कुरामा दुई मत छैन ।

**-रातोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज विभिन्न अवसरले पछ्याउनेछन् । | **तुला** : मनोरञ्जनमा सहभागिता भइएला । आटेका काम पूरा हुँनेछ । |
| **बृष** : नजिकको मित्रसँग भेटघाट हुनेछ । पठनपाठनमा प्रगति हुनेछ । | **बृश्चिक** :प्रशस्त धन आर्जन गर्ने अवसर पाउनुहुनेछ । |
| **मिथुन** : सम्पत्ति हराउने र साँझमा खर्च बढ्न सक्छ ।बोलीमा ख्याल गर्नुहोला । | **धनु** : कूटनीतिक नियोगको सहयोग मिल्नेछ सफल यात्राको योग पनि छ । |
| **कर्कट** :राजनैतिक कार्यमा बाधा आउन छ । सोचेको कुरा पूरा हुँन ढिलाइ हुँनेछ | **मकर** : नयाँ कार्यको थालनी हुनेछ । आफ्न्तको सहयोग प्राप्त हुनेछ । |
| **सिंह** : योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । | **कुम्भ** :आज मेहनतीहरूका लागि दिन फलदायी रहनेछ । |
| **कन्या** :आज जुक्ति तथा बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ । | **मीन** :मुद्दामामिलामा विजयी भइनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । |

## शिक्षा

# विद्यार्थीको क्षमता र चाख कसरी चिन्ने ?




आफ्ना छोराछोरीको रुप-रंग, जिउडाल, आनीबानी वा व्यवहार जे-जस्तो भए पनि आफ्ना छोराछोरी राम्रा लाग्छन् । राम्रो लाग्नु नै एक किसिमको स्नेह हो । हाम्रो समाजमा उखान नै छ, 'छोराछोरी आफ्ना राम्रा, खेती अर्काको राम्रो ।' यो राम्रो नराम्रो भन्ने कुरा सबै भावले फरक पार्ने रहेछ । छोराछोरीले लाएको खाएको केही हिसाब हुँदैन हामी आमाबाबुलाई । अरूलाई केही सानो वस्तु वा सेवा दिएमा मैले यति गरिदिएँ भनेर सम्झिरहन्छौँ ।

सानो छउन्जेल उसको उन्नतिमा आफ्नो सपना देख्न र बुन्न कोही आमाबाबु पछाडि पर्दैनौँ । नेपाली समाजमा एउटा सामान्य परिपाटी छ, छोराछोरीलाई डाक्टर, इन्जिनियर, वकिल वा पाइलट बनाउने । खास मानेमा कोही पनि छोराछोरीलाई अब्बल किसान बनाउँछु भनेको सुनिएकै छैन । समाजमा डाक्टर, इन्जिनियरले दिने पटके सेवाभन्दा एक दिनमा कम्तीमा तीनपटक चाहिने अनाजको आपूर्ति गर्ने कृषि पेसा किन उपेक्षित छ ? डाक्टर, इन्जिनियर, वकिल वा अरू जे जे बने पनि अन्नमयकोषको भरणपोषण त अन्नले नै गर्दछ । तर कृषक बन्ने भनेपछि माटो छुनुपर्छ भन्ने डर देखिन्छ । व्यावसायिक, उन्नत, आधुनिक तरिकाले खेती गरेर प्रशस्त मानिसलाई रोजगार दिन सकिन्छ भन्ने चेतना खै ? त्यसैगरी हरेक उद्योग उद्योगको कच्चा पदार्थ कृषि उपज हो भन्ने सुझबुझ खोइ ? जेहोस्, किसान बनोस् भन्ने चाहना बाबुआमाको प्राथमिकतामा नै परेन । यो च्याप्टर त सकियो । अब कुरा आउँछ, छोराछोरीको पढ्ने विषयको छनोट कोबाट हुन्छ भन्ने सन्दर्भ । वास्तवमा कसैको आमाबाबु बन्नु प्राकृतिक कुरा हो । त्यसैले आमाबाबु हुनु र अभिभावक हुनुमा भिन्नता छन् । अविभावकको गरिमा बाबुआमाको भन्दा गहिरो छ । छोराछोरीले आफ्ना अभिभावकसँग मनका कुरा राख्न नहिचकिचाउने हुनुपर्छ अर्थात् साथीसरह व्यवहार गर्न सक्ने हुनुपर्छ तर हाम्रो समाजमा बाबुआमासँग छोराछोरी डराउनुपर्ने हो जस्तो गरिन्छ । यो संसारमा आमाबाबुसँग डराए कोसँग सहज हुने ? जसको अंश हो, जसको रगत शरीरमा दौडेको छ, त्योसँग डराउनुपर्ने कस्तो संस्कार सिकायौँ हामीले ? छोराछोरीले आमाबाबुलाई प्रेमले होइन, डरले मान्ने बनाउन खोज्यौँ । यस विषयमा सोचेका छौँ हामी अभिभावकले ? स्कुलमा पढाइ लगायत शैक्षिक गतिविधिमा छोराछोरीले अरूलाई जित्नुपर्छ, आमाबाबुको इज्जतका लागि । यही नै विषय अध्ययन गर्नुपर्छ भन्नेदेखि लिएर छोरालाई त झन् विदेश जान प्रेरित गरेको पनि पाइन्छ । घरमा हुँदा कामका नाममा खाएको थाल वरको पर सार्न सिकाएनौँ । अब ऊ विदेश गएर कसरी गर्छ ? विदेश गएपछि काममा वाल्ल र ट्वाल्ल पर्नेदेखि गएको चार-पाँच महिनामा होमसिक भएका उदाहरण पनि भेटिन्छन् । त्यो थाहा पाएपछि नेपाल फर्कन प्रेरित गर्नुको साटो फर्केमा इज्जत जाने भनेर जसरी पनि पढाइ सकेर फर्कन दबाब दिएको देखिन्छ ।

विदेश गएर पनि पढ्न नसके नेपाल बोलाउनुपऱ्यो, पढ्दापढ्दै पनि बिदा मिलाएर कसरी आउन सकिन्छ भनी बुझ्नुपऱ्यो । ऊ आउन नमिल्ने भए आफू जानुपऱ्यो । यसरी छोराछोरी जोगाउने काम गर्नुपर्ने होइन र ? पढाइ सकेर मात्रै फर्की भनी दबाब दिँदा सन्तानै गुमाएका उदाहरण पनि छन् । नेपालमै पढ्नेलाई विदेश जान नसकेर नगएको भन्ने पनि बाबुआमा देखि लिएर इष्टमित्र पनि उत्तिकै छन् । मानौँ कोही विदेश गएनन् । नेपालमा नै पढे भने पनि आफ्नो चाहनाको विषय पढ्न पाउने साह्रै कम छन् । उसलाई के विषयमा रुचि छ भन्ने न स्कूलका शिक्षक-शिक्षिकाले भन्छन्, न त बाबुआमाले बुझ्छन् । त्यस्तो रेटिङ गरिदिने कुनै संस्था नै छ हामीकहाँ । शिक्षामा लगानी गरिएका संस्था प्रशस्त छन् । घोकाउँछन्, रटाउँछन् तर रुचि बुझेर अभिभावकलाई सुझाएको त्यति देखिँदैन । जापानमा कुन विद्यार्थीलाई के विषयमा रुचि छ भन्ने स्कुलले भनिदिनुपर्छ । यसो भन्ने आधार भनेको कक्षाको क्रियाकलाप र विभिन्न विषयमा उसले गर्ने क्षमता प्रदर्शन नै हो । अविभावकले आफ्नो सन्तानको रुचि केमा छ, प्रत्यक्ष अप्रत्यक्ष बुझ्ने माध्यम अपनाउनुपर्छ । उसले टिभीमा कस्तो कार्यक्रम हेर्छ, घरमा आएका कस्ता मानिससँग बोल्छ ? पत्रपत्रिकामा कस्ता विषय हेर्छ ? आमाबाबुसँग कस्ता कुरामा खुलेर भन्न सक्छ, यी नै अप्रत्यक्ष माध्यम हुन् । वास्तवमा यी सबैका बाबजुद पनि एउटा यस्तो संस्था चाहियो, जसले केटाकेटीको सोख, रुचि र क्षमता पत्ता लगाइदेओस् । उसले विद्यार्थीका रुचि जाँचोस् र विद्यार्थीको रुचि खेल, फिल्म, संगीत, कला, साहित्य, पत्रकारिता, वकिल, डाक्टर, इन्जिनियर, किसान आदिमध्ये कुन विषयमा छ भन्ने निर्क्योल गरोस् । जसबाट विद्यार्थीले समेत आफ्नो रुचि र प्रतिभाको विषय चिन्न सकोस् । यसरी रुचि र प्रतिभा भएको क्षेत्रमा पठाउँदा विद्यार्थीले शैक्षिक र व्यावसायिक रुपमै पनि छिटो प्रगति गर्न सक्छ । हालसम्म अभिभावकले मेसो नपाएको एउटा संस्था छ, त्यो हो जीवन विज्ञान प्रतिष्ठान । त्यहाँ विभिन्न प्रकारका कार्यक्रम सञ्चालित छन् । ती कार्यक्रमलाई साधनामुखी, जीवन व्यवस्थापनसम्बन्धी र संघ-संस्थाका लागि भनेर विभाजन गरिएको छ । जीवन व्यवस्थापनसम्बन्धी कार्यक्रमभित्र पर्ने एउटा कार्यक्रमको नाम छ, ऐश्वर्य विज्ञान । यो सात दिनको कार्यक्रम हो । यो कार्यक्रममा सहभागी हरेक व्यक्तिले आफ्नो रुचि क्षमता र सोख आफैँ पत्ता लगाउन सक्छ । त्यति मात्र होइन, कार्यक्रम सम्पन्न गरिसक्दा अल्पकालीन र दीर्घकालीन योजना समेत बनाएर निस्कन्छ । यो कार्यक्रम गहिरिएर बुझेमा व्यक्तिले आध्यात्मिक र भौतिक प्रगति सँगै लैजान सक्छ । कामप्रतिको साधनाले आफ्नो जीवन दिव्य बनाउन सक्छ । लक्ष्य पूरा गर्ने आफ्नो क्षमता कति छ ? कसरी बढाउने ? त्यसको मार्गचित्र के ? आदि पहिचान सहभागी आफैँले गर्छ । यो कार्यक्रम जुन उमेरका लागि पनि उपयोगी हुने त छँदै छ ।

खासगरी यसबाट ११-१२ पढ्ने विद्यार्थीले धेरै फाइदा लिन सक्छन् । आफ्नो लक्ष्य पूरा गर्न निरन्तर एकाकार हुनका लागि गरिने साधनाको विधि पनि लिएर ऊ निस्कन्छ । साधना भनेको आफ्नो गहिराइ पत्ता लगाउनु हो । अन्त्यमा, जुन माध्यम अपनाएर भए पनि आफ्ना विद्यार्थी वा बालबालिकाको सोख, चाहना र क्षमता बुझौँ । उसको उन्नतिको मार्गमा सहभागी बनौँ । यसलाई सहज बनाउन अभिभावकीय भूमिका निभाउँ ।**-रासस**

# विद्यार्थीको पुकारा ईश्वरसँग : स्कुल नहुने ठाउँमा जन्माइदिनू

मेरो नाम दिपेश हो । म हाल कक्षा सातमा पढ्छु । म शहरको एउटा निजी विद्यालयमा पढ्छु । मलाई धेरै पीर परेको छ । विवेकी र बुद्धिमान मानिसले हामीजस्ता साना मान्छेका पीरमर्का सुन्छन् होला भन्ने लागेको थियो । सरहरूलाई भनेँ, दाइहरूलाईभनेँ, ड्याडी ममीलाई भनेँ तर मेरो समस्यालाई बहाना मानेर उल्टो मैले गाली खाएँ । यो लोकमामेरो व्यथा सुन्ने र बुझ्ने प्रयासकसैले नगरेपछि आज म बाध्य भएर तपाइँ भगवान्को शरणमा परेको छु । मलाई तपाईंप्रति भरोसा छ । मलाई विश्वास छ कि मेरो कथाव्यथा सुनेर तपाईंले अवश्य न्याय गर्नुहुनेछ । अब म लामो कुरा नगरी मेरो कथा सुरु गर्छु । आजभन्दा आठ वर्षअगाडि म यसै विद्यालयको नर्सरी कक्षामा भर्ना भएको थिएँ । मेरो ड्याडीममीले हजुरबुबा र हजुरआमासँग छुट्टिएर मलाई लिएर शहरमा आउनुभएको थियो । सहरमा बस्ने ठाउँ र मेरो स्कुलको व्यवस्था गरेर केही समयमा बाबा पैसा कमाउन विदेश जानुभयो ।

मैले जीवनमा पहिलो दिन स्कुलको अनुभव गरेँ । पहिलो दिन म स्कुलमा गएपछि ममी फर्किनुभयो । मलाई घर नै जान मन थियो तर मलाई त्यहाँबाट निक्लन दिइँदैनथ्यो । केही बेर त म घर जान्छु भनेर रोएँ तर केही उपाय नभएपछि म स्कुलमै बस्न बाध्य भएँ । मैले पढ्ने कोठाको भुँइमा हरियो रङको कार्पेट बिछ्याइएको थियो । एउटा कुनामा सुत्नका लागि भनेर ससानो खाट पनि राखिएको थियो । भित्तामा एक-दुईवटा के के चित्र भएका पोस्टरहरू पनि टाँसिएका थिए । मलाई पढाउने एकजना रञ्जिता भन्ने मेडम हुनुहुँदो रहेछ । म घर र ममी सम्झँदै रोएको देखेर मेडम रिसाउनुभएको थियो । त्यसदिन ममी छिटो आउनुभयो र म खुशी हुँदै स्कुलबाट भागेँ । भोलिपल्ट पनि स्कुल जाने मेरो मन थिएन, तर ममीले जसरी पनि लैजानुहुन्छ भन्ने थियो । एकछिन अनेक वाहना गरे पनि आखिर स्कुल जानै पऱ्यो । एवं रीतले दिनहरू बित्दै गए । मलाई स्कुलमा कहिलेकाँही ममीको दुध खान पनि मन लाग्थ्यो । तर ममी मसँग हुनुहुन्थेन । घरमा ममीले दिएको लिटो खानुको स्वाद बेग्लै हुन्थ्यो तर स्कुलमा दिने लिटो भने मीठो हुन्थेन । मीठो भएन भनौं भने पनि मेडमले गाली गर्नुहुन्छ कि भन्ने डर हुन्थ्यो । मलाई कोठाभित्रमात्र थुनिएर बस्नुपर्दा असाध्यै गाह्रो महसुस हुन थालेको थियो ।

म कोठाबाट निस्केर बाहिरी सुन्दर संसारमा विचरण गर्न चाहन्थेँ तर प्रत्येक दिन चार घण्टा मैले त्यो कोठामा निरस लाग्दो तरिकाले बिताउनु पर्थ्यो । एकदिन मैले पाइन्टमै पिसाब फेरिदिएछु, त्यसपछि मेडमले मलाई सानो छडीले हानेको मलाई अहिले पनि सम्झना छ । मेडमको छडीले मेरो दिमागमा त्यतिबेला करेन्ट लागेजस्तो के के सनन्न भएको थियो । त्यसपछि मेडमसँग मलाई अझै डर लाग्न थाल्यो । म भोलिपल्टबाट स्कुल जान्न भनेर ममीसँग झगडा गरेँ, लुक्ने प्रयास गरेँ, तर ममीले मेडमले तेरो लागि पिट्नुभएको हो भनेर उल्टै मलाई गाली गरेपछि मलाई स्कुल नगई सुखै भएन । एवम् रितले मैले मेरो अध्ययनलाई आजका दिनसम्म कक्षा सातसम्म तन्काउन सफल भएको छु । अहिले म अलि बुझ्ने भएको छु । रञ्जना मेडम अहिले पनि यही स्कुलमा हुनुहुन्छ । उहाँलाई देख्दा मलाई अहिले पनि त्यही नर्सरी कक्षाको लठ्ठीको याद आउँछ । अहिले म ठूलो भए पनि र रञ्जना मेडमले नपढाए पनि मेरो पिटाइ खाने क्रम भने रोकिएको छैन । म गणितमा अलिकति कमजोर छु । मलाई गणित राम्रो आउँदैन । गणित पढाउने ध्रुव सरले सूत्र घोक्न नसके कुखुरा बनाएर सबै साथीको अगाडि एउटा पिरियडभरि राखिदिनुहुन्छ ।

रञ्जिता मेडमकाझैँ लठ्ठीले नपिटे पनि ध्रुव सरले कहिले कान नजिकैका कपालका रौँ छालै आउला जस्तो गरी उखेल्नुहुन्छ । कन्सिरीका रौँ तान्दा मलाई यति दुख्छ, त्यो म यहाँ अहिले शब्दमा वर्णन गर्न पनि सक्दिन । पिटाइ त अरू सरहरूको पनि खाइन्छ तर ध्रुव सरको यातना दिने स्टाइलले म थरथर काप्छु । म सरलाई देख्ने बित्तिकै डराउँछु, अनि नजानेको कुरा सोध्न त कहाँ सक्नु र । त्यसैले म गणितमा झनै कमजोर भइरहेको छु । हे परमात्मा ! म तपाईंलाई मेरो आजभोलिको दिनचर्या पनि बताउँछु, क्रिपया, एकै छिन ध्यान दिएर सुनिदिनुहोला । म बिहान ६ बजे उठेर गणित पढाउने अर्को एक जना सरसँग उहाँकै घरमा ट्युशन पढ्न जान्छु । म दुई घण्टा त्यहाँ ट्युशन पढ्छु । त्यसपछि म हतारहतार गरी घर फर्किन्छु । अनि राति अबेरसम्म पनि नसकेर बाँकी रहेको 'होमवर्क' गर्छु । 'होमवर्क' गर्दागर्दै स्कुल जाने बेला भइहाल्छ । हतारमै खाना खाएर लगभग २० किलोभन्दा बढी गह्रुङ्गो झोला बोकेर स्कुल जान्छु । स्कुलमा पसेपछि स्कुलको नियमानुसार चार बजेसम्म कतै जान पाइँदैन । 'हाफ टाइम' मा एकैछिन खाजा खाने 'ब्रेक' बाहेक लगभग सबैजसो समय म स्कुलको कोठाभित्रै निस्सासिएर बस्नुपर्छ ।

चर बजेपछि पनि कहाँ सुख छ र । चार बजेबाट ६ बजेसम्म फेरि 'साइन्स' को ट्युशन पढ्नुपर्छ । बाबाले 'फुर्सद भयो भने छोरो बिग्रन्छ' भनेर सरलाई फोन गरेर मलाई ट्युशन राखिदिनुभएको हो रे । ६ बजे ट्युशन सकिएपछि त्यही बिस किलोको झोला पिठ्युमा भिरेर भारी दिमाग र गह्रुगो मन लिएर म घर फर्किन्छु । घर गएपछि खाजा खाएर फेरि 'होमवर्क' मा जुटिहाल्नुपर्छ नत्र भोलि फेरि 'कुखुरा' बन्नुपर्छ । मैले पढ्नुपर्ने विषय जम्माजम्मी नौवटा छन्, नौवटाकै होमवर्क हुन्छ, । सम्झनुहोस् त, नौवटा विषयको 'होमवर्क' गर्न कति समय लाग्ला । ममीले स्कुलमा गएर सरहरूसँग सबै विषयको बढीबढी होमवर्क दिनुहोला भन्नुभएको रहेछ । त्यसपछि त मेरो दिमागले काम गर्न छाड्ला जस्तो भएको छ । साँच्चै म खाजा खाने बित्तिकै 'होमवर्क' गर्न बसेको मान्छे एकछिन खाना खाने बाहेक राति १२ बजेसम्म 'होमवर्क' गर्नुपर्छ । 'होमवर्क' छोडौँ भने फेरि स्कुलको पिटाइ र कन्सिरीका रौँ तान्ने ्व सरको मुखाकृति स्मृतिमा आइहाल्छ । कहिलेकाहीँ त होमवर्क गर्दा राति एक पनि बज्छ । फेरि बिहान ६ बजे ट्युशनमा कुदिहाल्नु पर्ने बाध्यता त छँदैछ । हे परमात्मा ! यसरी नै मेरो दैनिकी बितिरहेको छ । कहिलेकाँही त लाग्छ, स्कुल नै छाडेर कतै हिँडौँ । मेरो घरभन्दा अलिकति दायाँपट्टि एउटा खेल मैदान छ, जहाँ म जस्ता थुप्रै साथीहरूले विभिन्न खेलहरू खेलेर रमाइलो गरिरहेका हुन्छन् । म झ्यालबाट उनीहरूलाई हेरेर टोलाइरहन्छु । उनीहरू खेलेको, रमाइलो गरेको देख्दा मेरो मन अमिलो हुन्छ । मुटुमा भक्कानो पर्छ । लाग्छ, ईश्वरले मेरो भाग्यमा रमाइलो भन्ने चिज दिनुभएकै रहेनछ । कहिलेकाहीँ यो पढाइ भन्ने कुरा कसले बनाइदिएको होला, किन पढ्नुपरेको होला जस्तो लाग्छ । यतिमात्र कहाँ हो र फेरि शनिबार बिदाको दिनमा पनि म घर बस्न पाउँदिन । प्रत्येक शनिबार स्कुलको 'टेस्ट' हुन्छ । शनिबार परीक्षाका लागि स्कुलमै पढेर बस्नुपर्छ ।

फेरि ९/९ वटा विषयका छुट्टाछुट्टै 'नोट' बनाउनुपर्छ । गएको दशैँ-तिहारका बीचमा हाम्रो स्कुल छुट्टी थियो । तपाईंले सोच्नुभयो होला यत्रो छुट्टी भएपछि त आनन्द भयो होला । कहाँ त्यसो हुनु र ? सरहरूले 'फेष्टिभल भ्याकेसन होमवर्क' भनेर फेरि सबै विषयको नोट तयार गर्ने, परीक्षाका प्रश्नपत्रहरूको उत्तर गरेर आउनेलगायत दशैँमा र तिहारमा टीका लगाउने दिन बाहेक अरू दिन ब्यस्त हुने तरिकाले 'होमवर्क' 'प्रोजेक्ट वर्क' को भारी नै बोकाइदिनु भएको थियो । अरूलाई चाड आयो होला तर साँच्चै मलाई चाड आएन । मलाई 'होमवर्क' को तनावले चाडको रमाइलो पनि महसुसै भएन । न कतै घुम्न जान पाएँ, न त खेल्न नै । आजभोलि कहिलेकाहीँ स्कुल, सरहरू, पढाइ, होमवर्क, यातना सबै सम्झँदा साँच्चै विरक्त लागेर आउँछ । मेरो जिन्दगीमा खुशी कहिल्यै आएनजस्तो लाग्छ ।

आजभोलि त कतै केही कुरामा पनि चाख लाग्न छाडिसक्यो । आकाशमा उडिरहेको त्यो उन्मुक्त पक्षीलाई देखेर रुन मन लाग्छ । मैले अघिल्लो जन्ममा पाप गरेको भएर नै यस्तो सजाय भोग्नु परेको होला भनेर चित्त बुझाउँछु । अनि कक्षा पाँचको सामाजिक विषयमा देखेको भारी बोकेको गधाको चित्रको याद आउँछ । अनि भन्न मन लाग्छ, तँलाई नि दुःख छ, यत्रो भारी बोकेर दिनभरी भोकभोकै हिँड्नुपर्छ । तैलेँ त बरू निश्चित ठाउँमा भारी पुऱ्याएपछि आराम गर्न पाउँछस् नि । राति सुत्दा त तँलाई कुनै जिम्मेवारी छैन नि । तँलाई त 'होमवर्क' सक्ने पीर पनि छैन । हुन त तँ पनि दुःखी नै होस्, तैपनि मेरो दुःखको अगाडि तेरो दुःख केही दुःख होइन । तैँले त बाटोमा हिँड्दा कम्तीमा विभिन्न प्राकृतिक मनोरम दृश्य हेर्न त पाएको छस् नि । भारी बोके पनि प्रकृतिमा रम्न पाउनु तेरो भाग्य भयो, प्रकृतिसँग खेल्न नपाउनु मेरो दुर्भाग्य भयो । यद्यपि तँ पनि अभागी नै होस् । तैँले गल्ती गरिस् भने साहुले कोर्राले त तँलाई पनि हान्छ । यातना भोग्ने सवालमा तँ र मँमा धेरै नै समानता छ । मलाई सरले पिट्नुहुन्छ, तँलाई साहुले पिट्छ, फरक त्यति हो । त्यसैले अन्तिममा भन्न मन लाग्छ, हे ईश्वर ! मलाई अर्को जन्ममा मान्छे नबनाइदिनोस्, मलाई अब फेरि जन्मने रहर छैन । यदि मान्छे नै बनाउनु छ भने पनि स्कुल नभएको र पढ्न नपर्ने संसारमा मात्र जन्माइदिनुहोस् ।

**-इहिमालयन टाइम्स डटकम**

# आयात बढ्यो, निर्यात बढेन




**पाल्पा,** कात्तिक १२/नेपालमा आयात बढ्दा निर्यात बढ्न सकेको छैन । साउनदेखि असोज महिना मसान्तसम्मको तथ्याङ्क हेर्दा आयात अध्याधिक बढेको छ भने निर्यात घटेको छ ।

चालु आर्थिक वर्षको तेस्रो महिनासम्ममा मुलुकले चार खर्ब सात अर्ब ७५ करोड ८९ लाख बराबरको माल वस्तुको आयात गरेको छ । गत आर्थिक वर्षको सोही अवधिमा चार खर्ब ९९ करोड बराबरको वस्तु आयात भएको छ । गत आवको तेस्रो महिनाको तुलनामा चालु आवको तेस्रो महिनासम्म कूल आयात एक दशमलव ६९ प्रतिशतले बढेको हो । तीन महिनाको अवधिमा नेपालको निर्यात भने दुई दशमलव २६ प्रतिशतले ओरालो लागेको छ । सो अवधिमा नेपालबाट ४० अर्ब ८७ करोड ४८ लाख बराबरको माल वस्तु निर्यात भएको छ । गत वर्षको तीन महिनाको अवधिमा ४१ अर्ब ८२ करोड बराबरको निर्यात भएको थियो । आयात १.६९ प्रतिशतले बढे पनि निर्यात भने २.२६ प्रतिशतले घटेको हो । चालु आर्थिक वर्षको तीन महिनामा सबैभन्दा बढी २९ अर्ब रुपैयाँको डिजेल, १७ अर्बको पेट्रोल, ११ अर्बको एलपीजी ग्यास आयात भएको विभागले जनाएको छ । चालु आर्थिक वर्षको तीन महिनामा सबैभन्दा बढी २ अर्बको गलैंचा, १ अर्बको फलामजन्य वस्तु, १ अर्बको अलैंची निर्यात भएको छ । चालु आर्थिक वर्षको तीन महिनामा व्यापार घाटा ३ खर्ब ६६ अर्ब पुगेको छ । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.१५ प्रतिशतले बढी हो । गत आर्थिक वर्षको पहिलो तीन महिनामा व्यापार घाटा ३ खर्ब ५९ अर्ब १७ करोड रुपैयाँ थियो ।

# आलु निकाल्न रामपुरको शीत भण्डार खुला



**पाल्पा,**कार्तिक १२/रामपुर शीत भण्डार आगामी एक हप्ताका लागि खुला गरिएको छ । शीत भण्डारमा राखिएको आलु निकाल्नका लागि एक हप्ता शीत भण्डार खुल्ला गरिएको हो ।

कृषक तथा उपभोक्ताले राखेको आलु निकाल्नका लागि शीत भण्डार आईतबार देखि आगामी कार्तिक १८ गते सम्म खुला गरिएको छ । शीत भण्डारको औपचारिक रुपमा खुला गर्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले यस क्षेत्रका कृषकहरुको आवश्यकता र सुविधालाई मध्यनजर गरी शीत भण्डार सञ्चालन गरेको बताए । उनले कृषि उपज भण्डारणका लागि नगरपालिकाले शीत भण्डार निर्माण गरे पनि पर्याप्त मात्रामा कृषि उपज राख्न नसक्नु दुखद् भएको बताए । भण्डारण क्षमता धेरै भए पनि कृषि उपज भण्डारण नभएको उनले बताए । साथै उत्पादनमा वृद्धि गरी उत्पादित बस्तु शीत भण्डारमा भण्डार गरी ढुक्क हुन आग्रह गरे ।

सञ्चालनको पहिलो वर्षमा प्राविधिक त्रुटीका कारण शीत भण्डारमा केही समस्या देखिए पनि अहिले त्यस्तो समस्या नरहेको भन्दै ढुक्का साथ शीत भण्डारमा कृषि उपज भण्डारण गर्न कृषकहरुलाई आग्रह गरे । सुर्योदय कृषि सहकारी संस्थाका अध्यक्ष बुद्धिराज गौतमको अध्यक्षता, संस्थाका सचिव विष्णु रेग्मीको स्वागत, शीत भण्डारका व्यवस्थापक भुपति पाण्डेको सञ्चालनमा कार्यक्रम भएको थियो । रामपुर नगरपालिका र सुर्योदय कृषि सहकारी संस्था लिमिटेड रामपुर पाल्पाको सहकार्यमा शीत भण्डार सञ्चालन हुँदै आएको छ ।

# गुल्मीको सराय नाच संरक्षणमा ...

...रुमाल र तरबार नचाएर एकआपसमा खुसी साटासाट गरेर सराय नाच नाचिन्छ । संस्कृतिको जगेर्नासँगै नयाँपुस्तालाई सराय नाचको महत्वबारे जानकारी गराउने उद्देश्यले गुल्मीका युवाले परम्परागत संस्कृतिको जगेर्नामा लागेको मुसिकोट युवा क्लबका अध्यक्ष वसन्त अधिकारीले बताए ।

मन्दिरमा चढाइएका खोडा र दसैंका बेलामा राखिएका जमराको माला र धोती पासासहितको एउटै पहिरन लगाएर सराय नाच प्रदर्शन गर्ने प्रचलन छ । कतिपय लहैलहैमा हातमा रुमालको सहायताल पनि सराय नाचमा भुम्मी रहेका हुन्छन् । पछिल्लो समयमा नयाँपुस्ताले अनुशरण नगर्दा सराय लोप हुने अवस्थामा पुग्न थालेको स्थानीय हरि घिमिरेले बताए ।इस्मा गाउँपालिकाअन्तर्गत ताल्तुङमा पनि युवाले स्थानीयस्तरमै आपसमा सहयोग उठाएर सराय नाचको संरक्षण गर्दै आएको स्थानीय राजेन्द्र विक्रम कुँवरले बताए ।

उनले पछिल्लो समय सराय खेल्नेभन्दा हेर्नेको संख्या धेरै भएपछि यसपटकको दसैंका अवसरमा अभियान नै चलाएर सराय नाच संरक्षणमा युवा परिचालन भएको बताए । कुँवरले पुराना पुस्ता सकिँदै जाँदा पुराना कलासंस्कृति पनि हराउँदै जाने संकट पैदा भएको जनाउँदै यसको संरक्षणमा सबै लाग्नुपर्नेमा जोड दिए ।

मन्दिरमा राखिएका तरवार निकालेर तिनै तरवारलाई घुमाउँदै एकआपसमा जोडिएर सराय नाच्ने गरिन्छ । सराय नाच धेरैजसो गुल्मीलगायत अर्घाखाँची, कपिलवस्तु, दाङ, प्यूठानलगनयतका जिल्लाका कोट र शक्तिपिठमा नाच्ने प्रचलन छ । यसरी सराय नाच्दा देवी भगवती प्रसन्न हुने जनविश्वास छ ।

-रासस

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## खेलकुद समाचार

# महिला कबड्डीकी कप्तान राजवंशी सम्मानित



**विराटनगर,** कात्तिक १२/जीवन विकास लघुवित्त वित्तीय संस्थाले राष्ट्रिय महिला कबड्डी टोलीकी कप्तान मेनुकाकुमारी राजवंशीलाई सम्मान गरेको छ ।

१९ औं एशियाली खेलकुदको कांस्य पदक जित्ने नेपाली टोलीको नेतृत्व गरेकी राजवंशीलाई जीवन विकास लघुवित्त वित्तीय संस्थाले नगद ५१ हजार रुपैयाँसहित सम्मान गरेको हो । मोरङको कटहरी गाउँपालिकामा केन्द्रीय कार्यालय रहेको संस्थाले जहदा गाउँपालिकाकी स्थायी बासिन्दा राजवंशीले खेल क्षेत्रबाट राष्ट्रका लागि योगदान दिएका कारण सम्मान गरेको जनाएको छ । उनलाई कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की र जीवन विकास समाजका संस्थापक अध्यक्ष तथा मोरङ क्षेत्र नम्बर ५ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य योगेन्द्र मण्डलले नगद र सम्मान पत्र प्रदान गरे ।

## संयुक्त राष्ट्रसंघका...

...महासचिव गुटेरेसको भ्रमणबाट लुम्बिनीको विकासका कोषेढुङ्गा सावित हुने लुम्बिनी विकास कोषले विश्वास लिएको छ । महासचिव गुटेरेसको भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समेत लुम्बिनी आउने कार्यक्रम तय भएको छ ।

कार्यक्रमको तयारी तीव्र पारिएको छ । सडक कालोपत्र गर्दै हतारहतारमा तयारी थालिएको हो । ४ नम्बर गेटदेखि शान्तिदीपसम्म ६ सय ५० मिटर बाटो कालोपत्र गरिँदैछ । दुई/तीन दिनदेखि रातदिन २४ सैं घण्टा काम गरेर बाटो कालोपत्रे गरिँदैछ । बाटोका खल्टाखुल्टी पुरिएको छ । अन्य बाटो पनि पानी हालेर धुलो नउड्ने बनाइएको छ । ४ वटा हेलिप्याडको सरसफाइ गरेर रंगरोगन गरिएको छ ।

त्यस्तै ५ नम्बर गेटमा निर्माणाधिन द्वारको काम पनि सम्पन्न गरेर सञ्चालनको तयारी गरिएको छ । भ्रमणले नेपालमा अहिले देखिएको आर्थिक संकटलगायत समस्या समाधान गर्न, लुम्बिनीलाई धार्मिक पर्यटकीय हिसाबले विकास गर्न, बृहत्तर लुम्बिनीको पर्यटन प्रवर्द्धनबारे विश्वभर प्रचार-प्रसार गर्न र संसारका सम्पूर्ण मानवको शान्तिका लागि सहयोग मिल्ने अपेक्षा गरिएको छ । महासचिव गुटेरेस शान्तिदीप हुँदै मायादेवी मन्दिरमा पुगेर प्रार्थना गर्नाका साथै र त्यहाँको वातावरण अवलोकन गर्नुहुने कोषले जनाएको छ । उनी शान्तिदीपबाट मायादेवी मन्दिरसम्म पैदलै जाने र त्यसक्रममा स्थानीय आमा समूह, लुम्बिनीस्थित विभिन्न भिक्षु भिक्षुणीले स्थानीय कला संस्कृति सहित स्वागत गर्ने कार्यक्रम छ ।

## अर्थ /कर्पोरेट समाचार

# नेप्से परिसूचकमा निरासा




**पाल्पा,** कात्तिक १२/दसैं बिदापछिको पहिलो कारोबार दिन सेयर कारोबार मापक नेप्सेमा निरासजनक अवस्था देखा परेको छ । अघिल्लो कारोबार दिनको तुलनामा २८.१८ अंकले गिरावट आएपछि नेप्सेमा निरासा देखिएको हो । घटेपछि समग्र नेप्से परिसूचक १ हजार ८ सय ७५.६५ विन्दुमा बन्द भएको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २८ दशमलव १८ अंकले ओरालो लागेर एक हजार आठ सय ७५ दशमलव ६५ मा सीमित भएको हो । यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव १६ अंकले ओरालो लागेर तीन सय ६१ दशमलव ९४ मा सीमित भएको छ । कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ । कूल २७ लाख १२ हजार एक सय २३ कित्ता शेयर ७४ करोड २९ लाख २५ हजार तीन सय ९२ मूल्यमा कारोबार भएको छ । कारोबारका आधारमा नेशनल हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा छ । सो कम्पनीको चार करोड आठ लाख ५६ हजार तीन सय १५ मूल्यमा खरिदबिक्री भए । यस्तै, हाथवे इन्भेस्टमेन्ट नेपाल दुई करोड ४७ लाख २७ हजार, सिटिजन लाइफ इन्स्योरेन्स दुई करोड ३० लाख चार हजार एक सय ८३, नविल बैंक रु दुई करोड १७ लाख ३७ हजार छ सय ५२ र घोराही सिमेन्ट रु एक करोड ९९ लाख एक हजार चार सय ३४ मूल्यमा कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार माथिल्लो सोलु हाइड्रो आठ दशमलव ९९, सिवाइसी नेपाल लघुवित्त छ दशमलव ६०, घलेम्दी हाइड्रो पाँच दशमलव ७१, बीपीडब्ल्यू लघुवित्त पाँच दशमलव ६२ र सयपत्री हाइड्रोपावरका लगानीकर्ताले तीन दशमलव ६७ प्रतिशतले कमाएका छन् । यस्तै, सोनापुर मिनरल्स १०, नेशनल हाइड्रोपावर सात दशमलव ९२, एनआइबीएल प्रगति फण्ड पाँच दशमलव ५७, एनआइसी एशिया ग्रोथ फण्ड पाँच दशमलव ५३ र इन्ग्वा हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ३३ प्रतिशतले गुमाएका छन् ।

नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं


- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ
- नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवं क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ ।

त्यसैले,
सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक बडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं



नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई